नेशनल ट्रेडिङ्ग लिमिटेडको देहाय वमोजिमका कार्यालयहरुको
घर,जग्गा, गोदाम, टहरा, सटर आदि भाडामा दिने सम्बन्धी सिलबन्दी
बोलपत्र आव्हानको सूचना
(प्रथम पटक प्रकाशित मिति २०७४।०९।२४)

| सि. न. | कार्यालय रहेको ठांउ | घर बर्ग फिटमा | जग्गा बर्ग फिटमा | गोदाम बर्ग फिटमा | टहरा बर्ग फिटमा | सटर ब.फिट मा | अन्य बर्ग फिटमा | बोलपत्र फारमको मूल्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | बिराटनगर | ११००० | | २९००० (८०००मे.टन) | | | | रु ३,०००। |
| २ | काठमाण्डौ | २२०८ | | १०५८४ (३६००मे.टन.) | | ९३० | ३९४ बिशालबजार | रु ३,०००। |
| ३ | वीरगंज | ७००० | | ७४८२० (२१०००मे.टन) | | | | रु ३,०००। |
| ४ | भैरहवा | ८००० | | २९००० (८००० मे.टन.) | | | | रु ३,०००। |
| ५ | नेपालगंज | ५००० | | २६२१६ (७००० मे.टन.) | २०० | | | रु ३,०००। |
| ६ | दाङ्ग | | ५७,२२६.५० | | | | | रु ३,०००। |
| ७ | महेन्द्रनगर | | १,००,५९९.०० | | | | | रु ३,०००। |
| ८ | धनगढी | १५०० | १०,०००.०० | ४०४० (१५०० मे.टन.) | | | | रु ३,०००। |
| ९ | पोखरा | १३१४ | | ६५६२.५० (२००० मे.टन.) | | | | रु ३,०००। |
| १० | सुर्खेत | | ४०,०९५.०० | | | | | रु १,०००। |
| ११ | धनकुटा | | १६,९४१.०० | | | | | रु १,०००। |

उपरोक्त वमोजिमको घर, जग्गा, गोदाम, टहरा, सटर आदि संस्थालाई आवश्यक परेमा तीन (३) महिनाको अग्रिम सूचना दिई हटाउन सक्ने गरी भाडामा दिनु पर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट रितपूर्वकको सिलबन्दी बोलपत्र १५ दिन भित्र बुझाउन यो बोलपत्र आव्हान गरिएको छ ।

१. ईच्छुक व्यक्ति वा फर्म वा कम्पनीले उक्त घर, जग्गा, गोदाम, टहरा, सटर आदीको वास्तविक स्वरुप तथा हाल जे जस्तो अवस्थामा रहेको छ सोही अवस्थालाई आधारमानी भाडामा लिनको लागि प्रस्ताव पेश गर्नु पर्नेछ ।
२. ईच्छुक व्यक्ति, फर्म, कम्पनीले लिखित निवेदन र तल सि.न.५ मा उल्लेखित कागजातहरुको नोटरी प्रमाणित प्रतिलिपी सहित लक्ष्मी बैक लिमिटेडमा रहेको लिमिटेडको खाता नं.००९११००००५३ मा तोकिएको ठांउको लागि तोकिएको रकम ( फिर्ता नहुने गरी ) बुझाएको सक्कल प्रति बैक भौचर पेश गरी यो सूचना

प्रकाशित भएको मितिले १५ औ दिन अर्थात मिति २०७४।१०।०८ गते दिनको ४.०० बजे सम्ममा नेशनल ट्रेडिङ्ग लिमिटेड सम्बन्धित सम्पर्क कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ ।

३. सि.न.२ अनुसार खरिद गरिएको बोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले १६ औ दिन अर्थात मिति २०७४।१०।०९ गते दिनको १२.०० बजे भित्र सम्बन्धीत कार्यालयमा शिलबन्दी गरी बुझाउनु पर्नेछ । तोकिएको मितिको १२.०० बजे समय पश्चात प्राप्त भएका बोलपत्रहरु स्वीकार गरिने छैन ।

४. बोलपत्रको मान्य अवधि ९० दिनको हुनेछ । बोलपत्रदाताले शिलबन्दी बोलपत्र साथ बोलपत्र जमानत बापत कबुल गरेको रकमको २ देखि ३ प्रतिशतले हुन आउने रकम लक्ष्मी बैक लिमिटेडको खाता नं.००९११०००५३ मा नगदै जम्मा गरेको सक्कल बैक भौचर वा कुनै क श्रेणीको बाणिज्य बैकले संस्थाको नाममा जारी गरेको बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद रहेको शर्त रहितको परफरमेन्स ग्यारेन्टीको सक्कलै प्रति पेश गर्नु पर्नेछ ।

५. बोलपत्रदाता व्यक्तिको हकमा नेपाली नागरिक हुनुपर्नेछ र आयकर दर्ता प्रमाणपत्र ( प्यान ) प्राप्त गरेको हुनु पर्नेछ । संघ, संस्था, फर्म वा कम्पनीको हकमा यसै आ.व.मा दर्ता भएको नयां कम्पनी, संस्था वा फर्म भए फर्म दर्ता प्रमाण पत्र, प्यान र पुरानो कम्पनीको हकमा अघिल्लो आ.व.को करचुक्ताको प्रमाणपत्र वा कर बुझाएको विवरण पेश गरेको हुनु पर्नेछ ।

६. शिलबन्दी बोलपत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औ दिन अर्थात मिति २०७४।१०।०९ गते दिनको २.०० बजे बोलपत्र दाताहरुको तर्फबाट उपस्थित प्रतिनिधीहरुको रोहवरमा सम्बन्धीत कार्यालयमा खोलिनेछ । बोलपत्र प्रतिनिधीहरुको उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

७. बोलपत्र दाखिला गर्ने अन्तिम दिन वा वोलपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यस्को लगतै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

८. बोलपत्रदाताले आफनै खर्चमा भाडामा दिने स्थानको अवलोकन गर्न सक्नेछ । अवलोकनका लागि कार्यालयको सहयोग लिन सक्नेछ ।

९. बोलपत्रको खाम बाहिर नेशनल ट्रेडिङ्ग लिमिटेडको लिन चाहेको सम्बन्धित कार्यालयको घर, जग्गा, गोदाम, टहरा, सटर आदि भाडामा लिने सम्बन्धी बोलपत्र तथा बायापट्टी बोलपत्रदाताको नाम तथा ठेगाना स्पष्ट रुपमा लेखि शिलबन्दी गरी बुझाउनु पर्नेछ ।

१०. बोलपत्रदाताहरुले पेश गरेको शिलबन्दी बोलपत्र स्वीकार गर्ने / नगर्ने वा आंशिक रुपमा स्वीकार गर्ने सम्पुर्ण अधिकार संस्थामा निहित रहनेछ ।

११. बोलपत्र सम्बन्धी अन्य आवश्यक कुराहरु बोलपत्र फारममा नै उल्लेख गरिएको छ । थप जानकारीका लागि नेशनल ट्रेडिङ्ग लिमिटेडको सम्बन्धित कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

साथै संस्थाको बेभसाईट www.nationaltrading.com.np मा समेत हेर्न सकिने छ ।


सम्पर्क :

**नेशनल ट्रेडिङ्ग लिमिटेड**

| काठमाण्डौ | बिराटनगर/धनकुटा | वीरगंज | भैरहवा/दाङ्ग | नेपालगंज/सुर्खेत | धनगढी/महेन्द्रनगर | पोखरा |
|---|---|---|---|---|---|---|
| ९८५१०९८४७९ | ९८४२०३३९८० | ९८५५०२०९८९ | ९८४७०३०७२८ | ९८४८०२५४०५ | ९८५८४२५३०८ | ९८४१२९२२५७ |